विषयः नेपाली पूर्णाङ्क ७५

उत्तीर्णाङ्क ३०

कक्षा : ७ समय :२ घण्टा १५ मिनेट

---

**१. समूह ‘क’ मा दिइएका शब्दहरूको अर्थ समूह ‘ख’ बाट पहिचान गरी लेख्नुहोस् : ३**

| <u>‘क’</u> | <u>‘ख’</u> |
|---|---|
| अव्यक्त | सोचेर |
| चौखुट | धेरै भाषा |
| समृद्ध | आयाताकार |
| गमेर | धनी |
| मृदुभाषी | जानकारी |
| अवगत | लुकेको |
| | मीठो बोल्ने |
| | गहिरो |

**२. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् : ३**

क) ……… अनेकार्थी शब्द हो । ( गर, खर, कर )

ख ‘ घर ’को पर्यायवाची शब्द…….हो । ( पर्खाल, सहर, सदन )

ग) …………अनेकार्थी शब्द होइन । ( खाल, माल, पराल )

घ) ‘सुन्दर ’को विपरीतार्थी शब्द ……हो । ( कुरूप, राम्रो, नराम्रो )

ङ) ‘जनक ’ को अर्थ………..होइन । ( छोरो, पिता, बुबा )

च) ‘फूल’ को समावेश्य शब्द……..हो । ( सयपत्री, बारी, तोरी )

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : ४**

पशुपतिको जात्रा सिद्राको व्यापार, पक्षपात, आहा !, सहिष्णुता

**४. क. शुद्ध गर्नुहोस् : २**

बिज्ञान हामि सबैको सहारा हो विकास तथा उन्नतीको आधार हो ।

**ख. तल दिइएका समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस्: २**

अ. प्रदर्शनि, प्रदर्शनी, प्रदर्सनी, प्रदर्सनि

आ.प्रतीयोगी, प्रतियोगि, प्रतियोगी, प्रतीयोगि

इ.हिमगिरि, हिमगीरि, हिमगीरी, हीमगीरी

ई. विशाद, विषाद, बिशाद, वीषाद

**५. रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याउनुहोस् :३**

हाम्रो कक्षामा <u>मिहिनेती</u> <u>विद्यार्थीहरू</u> <u>धेरै</u> छन् <u>त्यसैले</u> वादविवाद प्रतियोगितामा हामी <u>नै</u> प्रथम <u>भयौं</u> ।

**६.रेखाङ्किकत शब्दको कारक पहिचान गरी लेख्नुहोस् : १**

तिमी कलमले चिठी लेख र साथीलाई पठाऊ ।

**७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् : ३**

क) अंशु कथा ......................। ( लेख् : अपूर्ण भूत)

ख) सफल विदेश ..........। ( जा : सामान्य भूत )

ग) हामी आराम ...............। ( गर् : सम्भावनार्थ )

घ) तिमीहरू राम्रो घर ................ । ( बनाउ : आज्ञार्थ)

ङ) कमल कुल्फी .............। ( खा : सामान्य भविष्यत् )

च) तैँले कविता ......। ( पढ् : पूर्ण वर्तमान )

**८. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ४**

क) सानो बाबु रोयो । ( मध्य आदर )

ख) ऊ घर गयो । ( बहुवचन )

ग) सुनिताले कापी र कलम किनी । ( कर्म वाच्य)

घ) तिमी असाध्यै ज्ञानी छौ ।( अकरण )

**९. सामान्य वर्तमान कालका चार ओटा क्रियापदको प्रयोग गरी आफ्नो नित्यकर्मको बयान गर्नुहोस् ।४**

**१०. तलको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् । ५**

टेलिभिजन शब्दको शाब्दिक अर्थ दूरदर्शन हो । हुन पनि यसले दूरदराजका दृश्यहरूलाई दर्शकहरूसमक्ष प्रसार गर्छ । त्यसैले आधुनिक समयका व्यस्त मान्छेका निम्ति टेलिभिजन नै श्रव्य र दृश्य सूचना सञ्चार गर्ने सर्वोत्तम माध्यम बनेको छ । रोचक कार्यक्रम प्रदर्शन हुने च्यानलहरू उपलब्ध गराउने र विभिन्न प्रकारका सूचनाहरू छिटो दिने आधारमा व्यवसायीहरूबिच प्रतिस्पर्धा नै चलिरहेको देखिन्छ । यसका निम्ति भूउपग्रहको प्रयोग पनि हुन्छ । जसले गर्दा एकै समयमा विश्वभरि नै विभिन्न च्यानलमार्फत् फरकफरक सूचनाहरू प्रसारण गर्न सजिलो भएको छ । भूउपग्रहको प्रयोगले दृश्यहरू अति स्पष्ट हुने र ठूला पहाडहरूले सङ्केतहरू छेकिन सक्ने ठाउँमा पनि प्रसारण सहजै हुन सक्छ ।

**प्रश्नहरू:**

क. टेलिभिजनको अर्थ के हो ?

ख. टेलिभिजन कस्तो माध्यम बनेको छ ?

ग. केवल व्यवसायीहरूबिच कस्तो प्रतिस्पर्धा चलेको छ ?

घ. भूउपग्रहको प्रयोग किन गरिएको हो ?

ङ. 'दूरदराज' र 'सर्वोत्तम' शब्दको अर्थ लेख्नुहोस् ।

**११. तलको गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश गर्नुहोस् । ५**

जलवायु परिवर्तनको प्रभावले विश्वका कुनाकन्दरा सबैतिर आक्रमण गरिरहेको छ । यसको असर अहिले हिमाली क्षेत्रमा देखिन थालेको छ । हिउँदयाम नसकिँदै हिमालको हिउँ पग्लन थालेको र कतिपय हिमालमा त हिउँको पत्र पुरै

पग्लेर चट्टान नै देखिन थालेको पनि पाइएको छ । यसरी नै हिउँ पग्लने क्रम बढ्दै जाने हो भने यसले पृथ्वीमा गम्भीर समस्या ल्याउने अनुमान विज्ञहरूले गरेका छन् । हिउँ पग्लनाले हिमाल मात्र रित्तिने होइन यसले त समुद्रमा पानीको सतह बढाउँछ । भगवान् कृष्णको भव्य एवम् सुन्दर दरबार प्रलयकालमा कृष्णकै अघि हेर्दाहेर्दै नदीमा विलीन भएको घटना पौराणिक कथामा सुन्न पाइन्छ । त्यस्तै अवस्था जलवायुपरिवर्तनले ल्याउने हो कि भन्ने आशङ्का विज्ञहरूमा जाग्न थालेको छ । समुद्रमा पानीको सतह बढ्दै जाने हो भने टापुका रूपमा रहेका देश ,सहर तथा समुद्रकिनारका यावत बस्तीहरू समुद्रको विकराल पेटमा बिलाउने सम्भावना पनि बढ्दो छ ।

**१२)कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ४**

क. **दिइएका बुँदाहरूका आधारमा कथा तयार पार्नुहोस् :** .

सुन्दर पहाडनजिकै एक शान्त वन ...... वनमा एक ऋषिको आश्रम .....ऋषि तपस्याको तयारी गर्दै .......अकस्मात् व्यापारीहरू आत्तिँदै ऋषिआश्रममा प्रवेश............ व्यापारीका पछिपछि एक हुल डाकाहरू........ व्यारीहरूलाई खोज्दै डाकाहरू पनि आश्रमभित्र प्रवेश ....... डाकाहरूद्वारा व्यापारीहरूका बारेमा ऋषिसँग सोधपुछ ........ ऋषि भन्ने कि नभन्ने अन्योलमा........डाकाहरूद्वारा बारम्बार सोधपुछ ...... अन्ततः सत्यवादी ऋषिद्वारा व्यापारीहरू आश्रममा लुकी बसेको डाकाहरूलाई सत्य वचन कथन .......डाकाहरूद्वारा तुरुन्तै व्यापारीहरूको खोजी गरी लुटपाट तथा हत्या ....ऋषिलाई पश्चात्तापको अनुभूति ..........।

**अथवा**

ख. **राम्रो लुगा लगाउनुभन्दा उपयोगी पुस्तक किन्नु उपयुक्त हुन्छ** भन्ने विषयको पक्षमा आफ्ना तर्कहरू राखी वादविवाद लेख्नुहोस् ।

**१३. कुनै एकको भाव विस्तार गर्नुहोस् : ४**

क. यस संसारमा ठूलो जादुगर कसैले नदेख्ने गरी हावामा नै लुकेर बसेको छ ।

ख. कर्तव्य के छ जनको यति छन् विरोध
नक्षत्र हेर नभमा दिलसाथ सोध ।
के हो ठुलो जगतमा पसिना विवेक
उद्देश्य के लिनु उडी छुनु चन्द्र एक ॥

**१४. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ८**

क. फाल्गुनन्दलाई ज्ञान र शक्ति कसरी प्राप्त भयो ?

ख. जलवायु परिवर्तनलाई कम गर्न के गर्नु उपयुक्त हुन्छ ?

ग. गुमानेले आफ्नो घरमा किन जान्ने बसाएको हो ?

**१५ .यदि तपाईं सन्ध्यारानीको स्कुल कथाकी पात्र सन्ध्यारानी हुनुभएको भए बूढीआमाहरूप्रति कस्तो व्यवहार देखाउनुहुन्थ्यो ? ४**

**१६.कुनै एकको विवेचनात्मक उत्तर दिनुहोस् : ८**

क) ज्ञानक्षेत्रमा गुरुपद सम्माननीय र पूज्य किन भएको हो ? बयान गर्नुहोस् ।

ख) बिल्मा रुडोल्फले जीवनमा केकसरी सफलता हासिल गरिन् ? विवेचना गर्नुहोस् ।

**१७. कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : ८**

क) टेलिभिजनका फाइदा

ख) मेरो देश

ग) समयको महत्त्व